STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np
BRANCH OFFICE : [illegible]

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार २७ गते आइतबार ❑ 11 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

कांग्रेस नेतृत्वको सरकारले भ्रष्टचार गर्दै कामको सुरुवात गरेको नेता गुरुङको आरोप

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

गण्डकी प्रदेश सभा प्रमुख प्रतिपक्ष दलका नेता एवं गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले कांग्रेस नेतृत्वको नयाँ सरकारले आफ्नो कामको सुरुवात मै भ्रष्टचाबाट सुरु गरेको दाबी गरेका छन् ।

शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा वोल्दै नेता गुरुङले नयाँ सरकारले कामको सुरुवात नै भ्रष्टचार हुने गरी सुरु गरेको दाबी गरेका हुन् । प्रदेश सरकारका प्रवक्ता कुमार खड्काले भने भ्रै आफुहरुले कुनै पनि योजनाहरु अवैध ढंगबाट नगरेको गुरुङले दाबी गरे । आफुहरुले यस अघि सरकार संचालनमा कानुन र विधि पूर्वक काम कारवाही गर्दै आएको उनको जिकिर रहेको छ । नेता गुरुङले भने "स्वकृत बहुबर्षीय योजनाको नियम कानुन अनुसार विधि पुऱ्याएर गरेका छौं हामीले कहि कतै खोट पाउनु भयो भने भन्नुहोस, उहाँहरुले गैर बजेट, बजेटमा नआएको योजनामा नपरेको खर्च चाहि हामीले गरेका छैनौं ।" गैर बजेट खर्च गर्नु भनेको भ्रष्टचारको पहिलो सुरुवता भएको प्रमुख प्रतिपक्ष दलका नेता पृथ्वी सुब्बा गुरुङको दाबी छ । उनले भने "भरखरै आएको सरकारले १६ करोड रकम रकमान्तर गरेर एकतर्फ खर्च हुन नसकेको विकास निर्माणमा चाहिने रकमलाई अहिले आफ्ना पार्टीका सभापतिलाई वोलायर जिल्लामा खर्च गर्ने काम भएको छ, यो सरासर गलत हो ।" उक्त रकम आफुना कार्यकर्तालाई सिधै बाडेको उनको दाबी छ । १६ करोडको मुद्धा भष्टचारको मुद्धा भएको गुरुङले जनाए ।

आइतबारबाट सुरु हुने बजेट केन्द्रित छलफल हुने कार्यक्रममा आफ्ना २७ जना सांसदलाई वोल्न दिनुपर्ने गुरुङको भनाई छ । कांग्रेसले आफ्नो स्वार्थ प्राप्तीको लागि एउटा पार्टीसंग एउटा सहमती गरेर ताड्ने गरेको टिप्पढी गर्दै नेता गुरुङले बजेट पास गरेर अर्को ठुलो पार्टीलाई समेत प्रभावित पार्न सक्ने आशंका व्यक्त गरे ।

आफुहरुले बहुबर्षिय योजना अनुसार धेरै सडक, पुल, खानेपानी, बिद्युत लागायतका आधारभूत योजानहरु अघि बढाएको समयमा नयाँ सरकारले आफुहरुको सहमति विना धेरै योजनाहरुमा बजेट विनियोजन नगरेमा संरकार संचालन गर्न बादा सृजना गर्ने चेतावनी दिएका छन् । उनले भने "नीति तथा कार्यक्रम आउदा हाम्रो अधिकांश कार्यक्रम समेटिएको छ, करिब १२ वटा मात्र नयाँ थपिएका थिए त्यो स्वभाविक पनि हो तर रातो किताव हालसम्म नआएकोले बजेट विनियोजना गर्दा बहुबर्षिय योजनालाई पयाप्त बजेन विनियोजन नगरे आफुहरु कडा रुपमा उर्त्रिने उनले जनाए ।

निवर्तमान सरकार प्रवक्ता एवं मन्त्री रामशरण बस्नेतले सडक, पुल सहितका भौतिक पुर्वाधार निर्माणमा अघिल्लो सरकारले अघि सारेका आवश्यकताका योजनालाई निरन्तरता दिनै पर्नेमा जोड दिए ।

सेतीनदीको डिस्को खसेपछि अमिनताराको बस्ती जोखिममा

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

पोखराको सेतीनदी स्थित रातोपहिराको अमिनताराको डिस्को खसे पछि यति वेला पोखरा १५ को अमिनताराको बस्ती नै जोखिममा रहेको छ ।

केही दिन अघि परेको ठुलो बर्षादको कारण केही समय अघि देखि चर्कीएको भाग सहितको डिस्को सेतनदीमा खसेकोले अमिनताराको बस्ती नै हाल पहिरोको उच्च जोखिममा परेको पोखरा १५ का वडा अध्यक्ष प्रकाश पौडेलले बताए ।



उनका अनुसार हाल अमिनताराका २ घर पुर्ण रुपमा क्षति भएको छ भने २ घर हाल बिस्थापित भएका छन् । स्थानिय सुनिता परियार र ऋषिराम ढकाल पूर्ण रुपमा विस्थापित भएको बताएका उनले मिन बहादुर विक र सुरज फर्निचर उद्योगलाई पहिरोको जोखिम क्षेत्रबाट सर्न आग्रह गरेको जनाए । गत मंसिरमा केही भाग खस्न सुरु भए पनि यस बर्षको पानीले असार २४ गते विहिबार २० मिटरको चौडाई र १ सय मिटर जसो लम्वाइको भाग खस्न पुगेको अध्यक्ष पौडेलले बताए । अमिनताराका किरब १ सय ७५ घर धुरीले प्रयोग गर्ने पिउने पानी वोरिङ समेत यसपालीको पहिरोले लगेको उनले जनाए । स्थानियहरुलाई पानीको अर्को विकल्प गर्दै गरेको उनले जनाए । पोखरा १७ रातोपहिराकी एक स्थानिय रेष्टुरेण्ट व्यवसायी अस्मिता क्षेत्रीले सेतीनदीमा ठुलो डिस्को खसेर नदी थुनिन सक्ने भएकोमा चिन्ता व्यक्त गरेकी छन् । सेतीनदी थुनिन सक्ने जोखिमलाई समयमै न्यूनिकरण गर्न उनले माग समेत गरेकी छन् ।

जोखिम रहेको उक्त क्षेत्रमा हाल रातो रिवल मात्र लगाइएको छ भने उक्त क्षेत्रमा तारवार तत्काल लगाउनु पर्ने स्थानिय केशरानी कटिकले बताइन् ।

एमाले विवाद समाधानतिर, आइतबार एकताको सन्देश सुनाइने

रासस
काठमाडौं, २६ असार

नेकपा (एमाले) भित्र देखिएका विवाद समाधानको निष्कर्षमा पुगेको छ । सिंहदरबारमा शनिबार विवाद समाधान गर्न गठित कार्यदलको बैठकले दलभित्र देखिएका समस्या समाधान निष्कर्षतिर पुगेको जनाएको हो ।

विवाद समस्या समाधान गर्दै दलले आइतबार पार्टीका आमकार्यकर्तालाई एकताको सन्देश दिँदै छ । वरिष्ठ नेता माधवकुमार नेपाल पक्षबाट कार्यदलका सदस्य गोकर्णराज विष्ट दलभित्रको समस्या सामाधन गर्ने विन्दुमा आफूहरु आइपुगेको जनाउँदै सहमतिलाई औपचारिकता दिन मात्र बाँकी रहेको बताए ।

'हामी आइतबार पार्टी एकताको सुखद् समाचार सुन्ने सफलता प्राप्त गर्ने छौं । त्यो विन्दुसम्म पुऱ्याउनका लागि हामीले धेरै हदसम्म सहमति गरेका छौं', उनले भने, 'अब सहमतिलाई औपचारिकता दिन मात्र बाँकी छ । भोलि एकताको सार्थक निष्कर्षमा पुग्दैछौं ।' एमालेलाई एकताबद्ध बनाएर राष्ट्र जनता, कम्युनिष्ट आन्दोलनको रक्षा र नेपालीको चाहनालाई सम्बोधन गर्नका लागि भोलि एकताको घोषणा गरिने जानकारी उनले दिए । एमालेका उपाध्यक्ष डा भीमबहादुर रावलले दलमा देखिएको समस्या समाधानको अन्तिम विन्दुमा पुगेको र चाँडै सहमतिको निष्कर्षमा पुग्ने बताए ।

बैठकमा एमाले नेता सुवास नेम्वाङ, विष्णुप्रसाद पौडेल, घनश्याम भुसाल, प्रदीपकुमार ज्ञवाली, सुरेन्द्रप्रसाद पाण्डेलगायत नेता सहभागी हुनुहुन्थ्यो । एमालेभित्र देखिएको विवाद समाधान गर्न लगातार कार्यदलको बैठक बसिरहेको छ ।

'भारत-नेपाल रेल सेवा सम्झौता २००४' का लागि आदानप्रदान पत्रमा हस्ताक्षर

रासस
काठमाडौं, २६ असार

नेपाल र भारत सरकारबीच आज 'भारत-नेपाल रेल सेवा सम्झौता २००४' का लागि लेटर अफ एक्सचेन्जमा हस्ताक्षर भएको छ । दुई देशका सरकारबीच आज भर्चुअल कार्यक्रममा सो हस्ताक्षर भएको हो ।

भारतका तर्फकाट भारतीय रेल मन्त्रालय, परिचालन तथा व्यवसाय विकास विभागका सदस्य सञ्जयकुमार मोहांतीले तथा नेपालका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव दिनेश भट्टराईले नेतृत्व गर्नुभएको थियो । 'लेटर अफ एक्सचेन्ज' मा हस्ताक्षरसँगै सार्वजनिक तथा निजी कन्टेनर सञ्चालकलगायत सबै अधिकार प्राप्त कार्गो रेल सञ्चालक नेपाल आउन सक्नेछन् ।

कन्टेनरमा भारत र नेपालबीच मालसामान ओसार पसार हुने र तेस्रो मुलुकबाट आएका सामान भारतका बन्दरगाहबाट नेपालसम्म ल्याउन भारतीय रेलमार्ग सञ्जालको प्रयोग गर्न पाउने बताइएको छ । यो नयाँ प्रावधानले नेपालको बजार शक्तिको पहुँचलाई विस्तार गर्नाका साथै सामानको ढुवानीलाई थप प्रभावकारी बनाउनेछ ।

यो आदानप्रदानपत्रमा हस्ताक्षरपछि भारतको रेल सञ्जालमा सञ्चालन हुने सबै किसिमका मालवाहक रेलले भारत र नेपालबीच मालसामान ओसारपसार गर्नेछन् । मापदण्ड र प्रक्रियाअनुरुप नेपाल रेलवे कम्पनीको स्वामित्वमा रहेका मालडिब्बाले भारतीय रेल सञ्जाल (कलकत्ता/हल्दियादेखि विराटनगर/वीरगञ्ज रुट) मा नेपाल आउने मालसामान बोक्न पाउनेछन् ।

पत्रले भारत-नेपाल रेल सेवा सम्झौताका अन्य थुप्रै पक्षलाई अद्यावधिक गर्नाका साथै भारतीय र नेपाली रेल्वेका परिचालन र पूर्वाधारसम्बन्धी नवीन पक्षलाई पनि समेट्छ । 'छिमेकी पहिलो' नीतिअन्तर्गत क्षेत्रीय 'कनेक्टिभिटी' विस्तार गर्न हेतुले यो प्रयास गरिएको भारतीय दूतावासले जनाएको छ ।

गण्डकी प्रदेश चेम्बर अफ कमर्समा किसान सुनार

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

गण्डकी प्रदेश चेम्बर अफ कमर्सको पहिलो अधिवेशनले किसान सुनारको अध्यक्षता नयाँ कार्यसमिति चयन गरेको छ ।

नेपाल चेम्बर अफ कमर्सका केन्द्रिय अध्यक्ष राजेन्द्र मल्लको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा नेपाल चेम्बर अफ कमर्स जिल्ला नगर उपाध्यक्ष दिपक श्रेष्ठ, बागमती प्रदेश चेम्बरका अध्यक्ष सिद्दीलाल श्रेष्ठ, केन्द्रिय सदस्य भाइ चन्द्र श्रेष्ठ, नन्द कुमारी लम्साल, लुम्बिनी प्रदेश चेम्बरका अध्यक्ष टन्क पोखेल, गण्डकी प्रदेशका सम्पुर्ण जिल्ला, महानगर, नगरपालिका, गाउँ पालिका, वडा चेम्बरका अध्यक्ष एवं प्रतिनिधिको उपस्थिति थियो ।

सो अवसरमा गण्डकी प्रदेश चेम्बर अफ कमर्सका अध्यक्ष किसान सुनारले सम्पुर्ण सहाभागी प्रमुख अतिथि, बिशिष्ट अतिथि, बिशेष अतिथि, मुख्य प्रतिनिधि, प्रतिनिधिहरुलाई स्वागत गर्दै प्रदेशको प्रगती प्रतिबेदन, बर्तमान बस्तुस्थिती, आर्थिक अवस्था, प्रदेशले निर्वाह गरेको सामाजिक उत्तरदायित्व बिषयमा प्रकाश पार्दै प्रदेशले कोभिडद्वारा प्रभावित ब्यबसाय पुनर्स्थापनाको लागि सरोकारवाला निकाय सङ समन्वय गर्ने, कोरोना विरुद्ध खोपको लागि नेपाल चेम्बर सङ सहकार्य गरि व्यावसायिलाई अबिलम्ब खोपको प्रबन्ध गर्न सरकारलाई दबाब दिने, गण्डकी प्रदेश सरकार, स्थानीय तहहरुमा चेम्बरको प्रतिनिधित्वको लागि पहल गर्ने, तीनै तहका सरकारसँग समन्वय गरि व्यावसायिक प्रबर्द्धन, सिपमुलक तालीम संचालन गर्ने, प्रदेश हेल्प डेस्कको स्थापना गने, व्यावसायिहरुको क्षमता बिकासको लागि केन्द्रसँग समन्वय गरि अन्तर्राष्ट्रिय भ्रमणमा सहभागी गराउने, भिजन गण्डकी परियोजना सन्चालन गर्ने, नव प्रबर्द्धन केन्द्रको स्थापना गर्ने, प्रदेश लगानी सम्मेलन आयोजना गर्ने, एम्बुलेन्स सेवा विभिन्न जिल्लामा संचालन गर्ने, प्रादेशिक एक्स्पो संचालन गर्ने, प्रबिधि मैत्री सचिवालय बनाउने, जिल्ला नगर गाउँ वडा चेम्बरका व्यावसायिहरुको क्षमता बिकास कार्यक्रम संचालन गर्ने लगायतका २३ बुदे भाबी कार्यक्रम अध्यक्ष किसान सुनारले प्रस्तुत गरेका थिए । उक्त अवसरमा प्रमुख अतिथि नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले उत्पादनमुखी कार्यक्रम संचालन गर्न कार्य योजना बनाउन, कृषि एम्बुलेन्स सेवाको पहल गर्न,सामुहिक ब्यबसाय अघि बढाउन अनुरोध गर्दै कृषि जडिबुटी र सुचना प्रबिधि क्षेत्रमा केन्द्रले बिशेश सहयोग गर्ने बताए । खोप बिना आर्थिक गतिविधि सम्भावना नभएकोले सरकारलाई भेटेर खोपकोप्रबन्धकोलागिअनुरोधगर्ने बताए । अधिवेशनबाट निर्वाचित सदस्यहरुको प्रथम बैठक अध्यक्ष किसान सुनारको अध्यक्षतामा बसि सर्वसम्मत पदाधिकारी तथा समेत चयन भएको छ । जसको उपाध्यक्ष श्रीबहादुर गुरुङ, महासचिव- शैक्षिक परामर्श ब्यबसायी तथा कानुन ब्यबसायी अधिबक्ता देवराज शर्मा र सचिवमा सारङ्गी न्युज कर्मी विष्णु कुमार श्रेष्ठ निर्वाचित भए । भने कोषाध्यक्षमा तेजेन्द्र पौडेल चयन भएको निर्वाचन समितिले जनाएको छ ।

सदस्यहरुमा क्रमशः विजय हिराचन, भरत बहादुर रकाल,महेन्द्र मोहन भट्टराई, ज्ञानु अधिकारी, टीका गुरुङ, प्रकाश न्यौपाने, गंगा श्रेष्ठ , तारानाथ ढुङ्गाना विष्णु कुमारी गुरुङ, युवराज खतिवडा र अरुण गिरी चयन भए । कार्यक्रमको संचालन पर्वत चेम्बरका अध्यक्ष अधिबक्ता देबराज शर्माले गरेका थिए ।



सुपथ मूल्यमा आकर्षक छपाइ
पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

पोउवा संघमा श्रद्धाञ्जली सभा

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

पोखरा उद्योग वाणिज्य संघले आफ्ना पूर्वअध्यक्ष तथा कार्यसमितिको निधनमा श्रद्धाञ्जली तथा शोकसभाको आयोजना गऱ्यो।

गएको ४ महिनाको अवधिमा संघले आफ्ना पूर्वअध्यक्ष, मानार्थ सदस्य तथा सल्लाहकार हेमबहादुर प्रधान र रमेश कर्माचार्य तथा कार्यससमिति सदस्य रुपनारायण भुजेल गुमाएको हो । कार्यक्रममा बोल्दै संघका पूर्वअध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य संजिवबहादुर कोइरालाले संघका पूर्वअध्यक्षद्धय तथा कार्यसमिति सदस्यको निधनबाट निजी क्षेत्रले ठूलो क्षति व्यहोरेको बताए । संघका पूर्वअध्यक्ष कृष्णमोहन श्रेष्ठले दुबै पूर्वअध्यक्षहरुले संघको गरीमा बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै उहाँहरुकै कारण संघ अहिलेको अवस्थामा आएको बताए। उनले पूर्वअध्यक्ष हेमबहादुर प्रधानको जीवनीबारे चर्चा गरेका थिए। संघ तथा श्रद्धाञ्जली कार्यक्रमका अध्यक्ष नारायण कोइरालाले पूर्वअध्यक्षद्धय तथा कार्यसमितिका सदस्यको निधनले आफू मर्माहत भएको बताए। जन्म र मृत्यु सत्य भएपनि अल्पायूमै हुने निधनले दिने पीडा असह्य हुने उनको भनाइ थियो।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष बलराम ढकालले कोभिडका कारण निजी क्षेत्रले होनाहार व्यक्तिहरु गुमाएको बताउँदै खोपको प्रबन्ध गर्न सरकारसँग माग गरे। पोखरा उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान विजुक्छेद्धारा संचालित कार्यक्रममा बोल्दै संघका पूर्वउपाध्यक्ष ईश्वर कर्माचार्यले नाताले भतिज तर सामाजिक रुपले अभिभावकीय भूमिकामा रहने रमेश कर्माचार्यको निधनबाट अपूरणीय क्षति भएको बताए। सरकारले कोभिडविरुद्धको खोप प्रबन्ध गर्न नसक्दा अल्पायूमै होनाहार व्यक्तिहरु गुमाउनु परेको उनको जिकिर थियो। उनले तत्काल खोपको व्यवस्था गर्न राज्यसँग माग पनि गरे।

हेमबहादुर प्रधानका सुपुत्र रवीन्द्र प्रधानले आफ्ना पिताको योगदानको स्मरण गरेकोमा पोखरा उद्योग वाणिज्य संघलाई धन्यवाद ज्ञापन गरे । संघका कार्यसमिति सदस्य हरिराज पन्तले दिवंगत कार्यसमिति सदस्य रुपनारायण भुजेलको जीवनीबारे चर्चा गर्दै एक असल र कर्मशील व्यक्तिको निधनबाट समाजले ठूलो क्षति व्यहोरेको बताए। कार्यक्रममा दिवगंत आत्माको चीरशान्तिको कामना गर्दै १ मिनेट मौनधारण गरिएको थियो।

लाइनमा बसेका यात्रु : पोखरा विमानस्थलमा शनिबार गेट पासका लागि लाइनमा बसेका यात्रु । तस्वीर : चन्द्रकफा क्षेत्री, रासस

थप दुई हजार १६९ जनामा कोरोना भाइरस संक्रमण, २४ को मृत्यु

रासस
काठमाडौं, २६ असार

पछिल्लो २४ घण्टामा नेपालमा थप दुई हजार १६९ जनामा कोरोना भाइरस संक्रमण देखिएको छ । योसँगै नेपालमा कोरोना संक्रमितको संख्या छ लाख ५४ हजार २१२ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १० हजार ४१७ जनामा कोरोना परीक्षण गरिएकोमा ती संख्यामा संक्रमण पुष्टि भएको हो । पछिल्लो २४ घन्टामा एक हजार ४३२ जना संक्रमित निको भएका छन् । योसँगै संक्रमणमुक्त हुनेको संख्या छ लाख १६ हजार ३६१ पुगेको छ । कोरोना संक्रमणबाट पछिल्लो २४ घण्टामा २२ जनाको मृत्यु भएको छ । योसँगै हालसम्म नेपालमा नौ हजार ३६२ जनाको मृत्यु भइसकेको मन्त्रालयले जनाएको छ।



यस्ता लक्षणहरु देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने ।
यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरु अपनाउनुपर्छ ।

ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने

खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने

भिडभाडमा नजाने र अरूलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने

बेलाबेलामा साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने

कोरोना प्रभावित देशबाट आएको व्यक्तिहरूमा माथिका लक्षणहरू देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ । घरमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।

कोरोना भाइरस रोगका बारेमा थप जानकारीको लागि ११९५ वा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ मा सम्पर्क गरौं ।

कुश्मामा खानेपानीको हाहाकार

पोखरापत्र संवाददाता
पर्वत, २६ असार

मनसुनजन्य विपद्का कारण खानेपानी आपूर्ति बन्द भएपछि सदरमुकाम कुश्मा नगरपालिकाका बासिन्दामा खानेपानीको हाहाकार मच्चिएको छ। कुश्मा- ४, ५, ६ र ७ का झण्डै एक हजार ६ सय घरपरिवार पाँच दिनदेखि आकाशे पानीको भरमा छन्।

गत मङ्गलबार राति वर्षासँगै आएको बाढीले कुश्मा - ८ चुवाको दोबिल्लामा रहेको सुन्दरे खोलामा खानेपानीको पाइप बगाएपछि खानेपानीको समस्या भएको हो । साविकको जिल्ला सदरमुकाम कुश्मा बजारमा चार दिनयता धारामा खानेपानीको आपूर्ति हुन सकेको छैन। खानेपानी आपूर्तिको जिम्मा लिएको शिवालय खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले पानी परिरहेका कारण पाइप मर्मतका लागि जान नसकिएको बताएको छ । संस्थाका अध्यक्ष रविकुमार श्रेष्ठले पानी परिरहेका कारण र खानेपानीको पाइप भएकै ठाउँमा पहिरो लच्किरहेका कारण मर्मत गर्न कठिनाइ भएको बताए । नगरपालिकामा मोदी गाउँपालिका वडा नं ३ देउरालीमा रहेको पातीखोला र कुश्मा- २ को केवादी खोलाबाट खानेपानी आपूर्ति हुँदै आएको थियो। अहिले दुवै ठाउँमा बाढी र पहिराले समस्या भएको संस्थाका प्रबन्धक राजेन्द्र रोकाले जानकारी दिए।

उनका अनुसार कुश्मा नगरका एक हजार ५६० परिवारका झण्डै २३ हजार जना अहिले खानेपानीको समस्यामा छन् । अहिले धारामा पानी नआएपछि र निरन्तर पानी परिरहेका समयमा बजारबासीले बलेनीमा पानी सङ्कलन गरी प्रयोग गर्दै आएका छन् । बलेनीको पानी खानका लागि उपयोगी नभए पनि अन्य प्रयोजनका लागि सङ्कलन गर्ने र खानेपानीका लागि घण्टौं समय खर्चेर जानुपर्ने अवस्था रहेको पर्वत उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपी अधिकारीले बताए।

कौरा पत्रकारिता पुरस्कार आस्थालाई

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

नेपाल मगर पत्रकार सङ्घ कास्कीले प्रदान गर्दै आएको ‘राष्ट्रिय मौलिक कौरा संरक्षण पत्रकारिता पुरस्कार’ बाट पत्रकार एमबी आस्था मगर पुरस्कृत हुनुहुने भएको छ।

पत्रकारिताको माध्यमबाट मगर जातिको मौलिक संस्कृतिको रूपमा परिचित कौरा नाचको उत्थान एवं प्रवर्द्धनमा योगदान पुऱ्याएवापत यस वर्ष उक्त पुरस्कारबाट एबिसी न्यूज टेलिभिजनका गण्डकी प्रदेश ब्यूरो आस्थालाई सम्मान गर्ने भएको हो।

राष्ट्रिय मौलिक कौरा संरक्षण समिति नेपालद्वारा स्थापित सो पुरस्कारको राशि रु १० हजार नगदसहित दोसल्ला र ताम्रपत्र रहेको छ । जेठ १५ गते कौरा संरक्षण समितिको स्थापना दिवसका दिन प्रदान गरिँदै आएको सो पुरस्कार यस वर्ष कोरोना महामारीका कारण साउन १ गते प्रदान गरिने भएको छ। संघका केन्द्रीय उपमहासचिव रुद्रबहादुर श्रसिमगरको संयोजकत्वमा गठिन प्रतिभा छनोट समितिमा हर्क आलेमगर, तारामाया थापामगर, नरमाया आलेमगर र रुद्रबहादुर हितानमगर रहेका थिए।

सो पुरस्कारबाट नवलपरासी (बर्दघाट सुस्तापूर्व)की कमला रानामगर, कास्कीका तिलमप्रसाद पुनमगर र तनहुँका प्रताप रानामगर पुरस्कृत भइसक्नुभएको संघका अध्यक्ष हर्क आलेमगरले जानकारी दिए।

वरिष्ठ नेता पौडेलले लिए क्रियाशील सदस्यताबारे जानकारी

रासस
काठमाडौं, २६ असार

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीको क्रियाशील सदस्यता छानबिन समितिको कार्यालयमा पुगेर समितिको कामका बारेमा जानकारी लिएका छन्।

समितिले हाल काम गरिरहेको तिलगङ्गास्थित नेपाल-भारत मैत्री धर्मशाला पुगेर नेता पौडेलले समितिले अहोरात्र खटेर काम गरिरहेको भन्दै कामको प्रशंसा गर्नुभएको समिति प्रवक्ता प्रदीप पौडेलले जानकारी दिए।

साथै उनले निर्धारित समयमै पार्टीको महाधिवेशन गर्नुपर्ने भएकाले क्रियाशील सदस्यताको काम समयमै टुङ्गो लगाउनसमेत निर्देशन दिनुभएको प्रवक्ता पौडेलले बताए। समितिले हालसम्म १०७ निर्वाचन क्षेत्रको क्रियाशील सदस्यतासम्बन्धी काम सम्पन्न भइसकेको र अन्य क्षेत्रको पनि निर्धारित समयमै सम्पन्न हुने जनाएको छ। कांग्रेसले क्रियाशील सदस्यताको सूचीमा केन्द्रीय सभापतिबाट हस्ताक्षर भई पार्टीको केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि यही असार ३० गतेभित्र तोकेको छ।

संगिता शाक्यको स्मृतिमा भवन निर्माणको लागि सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

पोखराकी संगिता शाक्यको स्मृतिमा पोखरा-३ को धर्मशिला बुद्ध बिहारको भवन निर्माणको लागि आर्थिक सहयोग प्राप्त भएको छ।

भिन्तुना क्लवका सदस्य शरण शाक्यका दीदी शाक्य को एक महिनाको पुण्य तिथिमा उनको परिवारबाट उक्त भवन निर्माणको लागि १ लाख ५ हजार ४७ रुपैया प्राप्त भएको क्लवका अध्यक्ष राजन श्रेष्ठले बताए । संगिता प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै उनको परिवारजनमा हार्दिक श्रद्धान्जली समेत क्लवले व्यक्त गरेको छ । साथै क्लवले मृत आत्माको चीर शान्तिको कामना समेत गरेको छ।

धर्मशिला बुद्ध बिहारको निर्माण कार्य सुस्त भएको कारण बिहार प्रमुख भिक्षु धजवन्तोबाट निर्माधिन भवनको अर्थ सन्कलन, सहकार्य, प्रचार प्रसार र सहयोग को लागि भिन्तुना युवा क्लबलाइ आग्रह गरेको क्लवले जनाएको छ।

लायन्स क्लब अफ पोखरा सेती गण्डकीद्धारा बृक्षारोपण

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

पोखरा १८, सराङकोट स्थित बिभुती सहिद पार्कमा लायन्स क्लब अफ पोखरा सेती गण्डकीले शनिबार वृक्षारोपण तथा पुरानो बिरुवाहरुको गोडमेल गरेको छ।

क्लबका अध्यक्ष कल्पना थापाको अध्यक्षतामा कागति, अम्बा, एभोकाडो, बेलपत्र, गुलमोहर, धुपि, चाप का ६५ वटा बिरुवाहरु रोपिएको कार्यक्रम संयोजक सरिता कार्कीले बताइन । कार्यक्रममा क्लष्टर चिफ पुरुषोत्तम पराजुली, कृष्ण कोइराला, क्लबका पूर्व अध्यक्ष मिलन थापा, सिनियर एड्भाईजर थिर बहादुर थापा, पूर्व अध्यक्ष प्रिति श्रेष्ठ, पुर्व अध्यक्ष अरूणा शेरचन, स्थानिय आमा समुहका अध्यक्ष मेनुका थापा लगायतको सहभागिता रहेको थियो।

उक्त बिरुवाहरुलाइ संरक्षण गर्नको लागि स्थानिय भृकुटी आमा समुहले सहयोग गर्ने भएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।
– स्वटेमार्डन

सम्पादकीय

भाका सार्दै एमाले कार्यदल

नेकपा एमालेको एकता जोगाउन प्रयासरत १० सदस्यीय कार्यदलले सहमति जुटाउन आइतबारको बैठकले सुखद सन्देश दिने नयाँ भाका राखेको छ। एमालेमा देखिएको विवाद कार्यदल स्तरमा मिलाउने मिति आइतबारसम्म सारिएको छ। कार्यदलमा रहेका नेताहरूले एमालेको विवाद मिल्नै आँटेको,नजिक पुगेको प्रतिक्रिया दिने गरेका थिए । वार्तामा कुनै प्रगति नभएको बेला पनि सकारात्मक समाचार प्रवाह गरेका थिए। शिर्ष नेताहरू आ आफ्नो अडानमा रहेको बेला पनि एकताबद्ध बनाउने सन्देश दिनु कार्यदलमा रहने नेताहरूको राम्रो पक्ष हो।

लामो समय अनौपचारिक र सोमबारदेखि निरन्तर कार्यदलस्तरमा वार्ता गरेका दोस्रो तहका नेताहरुले शुक्रबार नै सहमतिनजिक पुगेको दाबी गरेका थिए । धेरै पटक भएका अनौपचारिक वार्तामा भएको सहमति कार्यदलको बैठकले सहमतिलाई अन्तिम रुप दिन सकेको छैन । कार्यदलले २ जेठ २०७५ मा फर्किने, एमाले पुनर्स्थापित भएपछि भएका निर्णयहरु फिर्ता लिने लगायतमा सहमति जुटाएको छ। सर्वोच्च अदालतमा विचाराधीन प्रतिनिधिसभा विघटनको मुद्दामा मौन बस्न अध्यक्ष केपी शर्मा ओली पक्ष लचिलो बनेको छ।

संस्थापन पक्षले एमालेका २३ निवर्तमान सांसदको हस्ताक्षर फिर्ता लिनुपर्ने अडान लिँदै आएको थियो। प्रधानमन्त्री समेत रहेका एमाले अध्यक्ष ओलीले १८ असारमा पार्टी केन्द्रीय कमिटीको बैठक राखेर असार २२ गते साँझ ५ बजेसम्म हस्ताक्षर फिर्ता लिन निर्देशन दिएका थिए। तर नेपाल पक्ष त्यसमा सहमत देखिन्न । विचाराधीन मुद्दामा बोल्न नहुने धारणा नेपाल पक्षले राख्दै आएको छापार्टी एकता जोगाउने शर्तमा संस्थापन पक्षले नेपाल समुहले शुरुमा राखेका र पछि थप्दै गएका शर्त मानेर जान लचिलो देखिन्छ। नेपाल समुह संसद पुनर्स्थापना हुनुपर्छ भनेर अदालत गएका भन्दै आएको छ। । त्यसभन्दा अघि बढेर विपक्षी दलको नेता शेर बहादुर देउवालाई प्रधानमन्त्री बनाउने आदेशको माग गर्दै सर्वोच्च अदालत पुगेको छादलीय प्रणाली र सामान्य नैतिकता ख्याल नगरि गतिविधि गर्दा सहनु हदैसम्मको लचकता हो। अदालतले आफ्नो निर्णय देला’ त्यसलाई मानेर जान तयार हुने संस्थापन पक्षले देखाएको ब्यवहार अनौठा छायसमा के राजनीतिक स्वार्थ लुकेको छ त्यसलाई हेर्न बाँकी छ। ‘पार्टीको आन्तरिक विषयमा सहमति गर्दा अदालतमा विचाराधीन मुद्दाबारे मौन बस्न तयार देखिनु सरकार हटे पनि तत्काल पार्टी विभाजन भएको दोष नलागोस भन्ने हो। कार्यदलमा अहिलेसम्म भएका छलफलहरुलाई आइतबार अन्तिम रुप दिने वाचा पुरा हुन्छ भनेर विश्वास गर्ने ठाउँ देखिदैन । नेपाली उखान “ढाँटको निम्तो खाई पत्याउनु “भने जस्तै सहमति जुटेका कतिपय विषयको व्याख्यालगायत टुंग्याएपछि कार्यदल स्तरमा सहमति हुनसक्ने वातावरण बनेको छ।

बैठकपछि प्रतिक्रिया दिँदै ओली पक्षका नेता सुवास नेम्वाङ र नेपाल पक्षका नेता गोकर्ण विष्टले पनि आइतबार सहमति हुने दाबीले कार्यकर्ता र सदस्य, समर्थकलाई आशावादी बनाएको छारातभर कुनै अबरोध नआएसम्म नेताहरूको भनाइले सर्वोच्च अदालतको निर्णय अघि एमालेमा सहमति जुटाउने प्रयासले सार्थकता पाउनेछ।

तपाईको आज

मेष	: सम्मान मिल्नेछ	तुला	: झमेला बड्ने
वृष	: शत्रुको भय	वृश्चिक	: मन चञ्चल
मिथुन	: मानसिक तनाब	धनु	: शारीरिक झमेला
कर्कट	: आर्थिक समस्या	मकर	: सहयोग मिल्नेछ
सिंह	: कार्यमा सफलता	कुम्भ	: सत्कार मिल्नेछ
कन्या	: अप्रत्यसित लाभ	मीन	: ब्यापारमा लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

दुई करोड ३५ लाख राजश्व संकलन

पोखरापत्र संवाददाता
लमजुङ, १३ असार

सवारी नवीकरण तथा जाँचपास, रुट परमिटबाट रु दुई करोड ३५ लाख ६ हजार ७७ राजश्व संकलन भएको छ। पूर्वाधार विकास कार्यालय लमजुङको यातायात शाखामा विसं २०७७ असोज ४ गतेदेखि स्थापना भएयता जेठसम्म उक्त राजश्व संकलन भएको हो।

उक्त राजश्वमध्ये सवारी साधन करबाट रु दुई करोड एक लाख ८९ हजार ७२२ राजश्व सङ्कलन भएको यातायात शाखाका कम्प्युटर अपरेटर शशि न्यौपानेले बताउनुभयो। त्यस्तै उहाँका अनुसार रुट परमिट नवीकरणबाट रु तीन लाख ३८ हजार ६०० राजश्व सङ्कलन भएको छ भने सवारी जाँचपास, नवीकरण, बिलबुकबाट रु नौ लाख ८२ हजार ३५५, सवारी आयकारबाट रु १५ लाख ११ हजार ४०० र अन्य प्रशासनिक सेवाबाट रु चार लाख ८४ हजार राजश्व सङ्कलन भएको छ।

मध्यपहाडी लोकमार्गको पर्वत खण्ड अवरुद्ध

पोखरापत्र संवाददाता
पर्वत, २६ असार

निर्माणाधीन मध्यपहाडी लोकमार्ग पटकपटक अवरुद्ध हुँदा यात्रु सास्ती खेप्न बाध्य भएका छन् । यही असारको शुरुमै मनसुन भित्रिएकाले दैनिकजसो सडकमा खसेका पहिराले निर्माण कम्पनी मात्रै नभएर स्थानीयवासी, यात्रुलगायत सबैले सास्ती खेप्नु परिरहेको छ।

सडकको पर्वत खण्डअन्तर्गत बागलुङ सीमाको मालढुङ्गादेखि कास्कीको सीमा नयाँपुलसम्म असारयता दैनिकजसो अवरोध हुने गरेको छ । दैनिकजसो परेको झरीसँगै खस्ने पहिरो तथा सडक हुँदै बग्ने सानातिना खहरे खोलामा आउने बाढीका कारण सडक दैनिकजसो अवरोध हुने गरेको हो।

गत मङ्गलबार सोही सडकको निर्माण कम्पनी लामा कन्स्ट्रक्सनका मुख्य इन्जिनीयर नै बेपत्ता हुने गरी उर्लिएको कुश्मा-८ दोबिल्लास्थित सुन्दरेखोलाले सडकको करीब ५० मिटर भागमा क्षति बनाएपछि अहिले एकतर्फी रूपमा सञ्चालनमा ल्याइएको छ। बाढीले बगाएका इन्जिनीयर र चालकको अवस्था अझै अज्ञात छ। लामा कन्स्ट्रक्सनका निर्देशक पीताम्बर बडूले सर्वसाधारणले दुःख पाउन नपरोस् भनेर यातायात खुलाउन निकै प्रयास भइरहेको बताउनुभयो । लोकमार्गअन्तर्गत पर्वतको कुश्मा नगरपालिका अर्मादी र नयाँपुलको बीचमा खसेको पहिरो हटाएर सडक सहज बनाउन कम्तीमा चार दिन लाग्ने उहाँको भनाइ छ। पहाड नै खसेर अवरोध गरेपछि अहिले ब्रेकर लगाएर ढुङ्गा फोर्ने काम भैरहेको छ । मध्यपहाडी राजमार्गको यो खण्ड धौलागिरिका मुस्ताङ, म्याग्दी, बागलुङ र पर्वतलाई गण्डकी प्रदेश तथा देशभरका अरू जिल्लासँग जोड्ने एकमात्र स्थलमार्ग हो । यसको भरपर्दो वैकल्पिक मार्ग छैन। निर्माणाधीन कालीगण्डकी करिडोर पनि वर्षासँगैका पहिराले क्षतविक्षत् हुँदा आवतजावत टुटेको छ । दैनिकजसो घण्टौं सडक अवरुद्ध भएपछि बिरामी तथा अत्यावश्यक कामका लागि प्रदेश राजधानी तथा अन्यत्र आउजाउ गर्नेहरूले निकै सास्ती भोगिरहेका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शिवराज बुढाथोकीले पहिरो हटाएर राजमार्ग सहज बनाउने प्रयास भइरहेको बताउनुभयो। ‘‘दैनिकजसो फरक-फरक ठाउँमा पहिरो झरिरहेको छ,’’ उहाँले भन्नुभयो, ‘‘सम्बन्धित निकायलाई भनेर हामीले सक्दो छिटो खुलाउने प्रयास गरिरहेकै छौं ।’’ बागलुङ, बेनीलगायतबाट आउजाउ गर्ने साना सवारीलाई भने सहस्रधारा-पाङ-अर्मादी हुँदै वैकल्पिक सडक प्रयोग गर्न लगाइएको प्रहरीले जनाएको छ।

मनाङ मर्स्याङ्दी क्लबद्वारा राहत वितरण

पोखरापत्र संवाददाता
मनाङ, २६ असार

मनाङ मर्स्याङ्दी क्लबले यहाँका बाढीपहिरापीडितलाई राहत सामग्री वितरण गरेको छ। फुटबल र सामाजिक कार्यमा संलग्न क्लबले जिल्लाका बाढीपहिरापीडितलाई राहत सामग्री वितरण गरेको हो।

डिस्याङ गाउँपालिका वडा नं ४ हुम्डे, वडा नं ९ खाङ्सार र वडा नं ८ टङ्कीका बाढीपीडितलाई त्रिपाल औषधि, खाद्य सामग्री वितरण गरिएको छ। पीडित परिवारलाई क्लबका पदाधिकारीलगायतको उपस्थितिमा राहत वितरण गरिएको हो । क्लबले शुक्रबार पनि सोही गाउँपालिकाका वडा नं १ पिसाङ, वडा नं २ घ्यारु र वडा नं ३ ङावलमा राहत वितरण गरिएको जनाएको छ । डिस्याङ मनाङ महिला सोसाइटीको सहयोगमा क्लबले राहत वितरण गरेको हो । बाढीपहिराका कारण यातायात नचल्दा क्लबले हेलिकप्टर चार्टर गरेर राहत ल्याएको हो। क्लबले पछिल्लो समय खेलकूदसँगै सामाजिक कार्य गर्दै आइरहेको छ। क्लबले यसअघि कोरोना प्रभावितलाई निःशुल्क खाना वितरण गरेको थियो।

बाढीपहिराबाट हिमाली जिल्ला मनाङमा ६५६ घरपरिवार विस्थापित भएका छन् । विनाशकारी बाढीपहिराले जिल्लाका घर, सडक, चैत्य, गुम्बा, पुललगायत संरचनामा क्षति पुऱ्याएको छ। यही असार १ गतेदेखि परेको अविरल वर्षासँगै आएको बाढीले करोडौँको भौतिक क्षति पुऱ्याएपछि यतिबेला मनाङवासी पीडामा छन्।

मर्स्याङ्दी नदीलगायत अन्य सहायक खोलामा आएको बाढीले जिल्लामा घर, सडक, चैत्य, गुम्बा, पुललगायतका संरचनामा क्षति पुगेको हो । जिल्लाका चार स्थानीय तह नै बाढीपहिराबाट पूर्णरूपमा प्रभावित भएका छन् । नार्सों, चामे र डिस्याङगाउँपालिका बाढीपहिराबाट क्षतिग्रस्त भएका छन् भने नार्पाभूमि गाउँपालिका पहिराबाट प्रभावित बनेको छ।

बन्दीपुरको बजेट पारित, उत्कृष्ट सात कर्मचारी पुरस्कृत

पोखरापत्र संवाददाता
दमौली, २६ असार

तनहुँको बन्दीपुर गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७८/७९ का लागि रु ५१ करोड ३४ लाख एक हजार ५०० को बजेट पारित गरेको छ । नवौं गाउँसभाले आगामी वर्षका लागि प्रस्तुत बजेट पारित गरेको हो।

यही असार १० गते शुरु भएको गाउँसभामा बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो । गाउँपालिकालाई सङ्घ सरकारमार्फत वित्तीय समानीकरण अनुदान बापत रु नौ करोड चार लाख, सशर्त अनुदान बापत रु १८ करोड ७५ लाख, विशेष अनुदानबापत रु दुई करोड ४९ लाख, राजश्व बाँडफाँड बापत रु छ करोड ५४ लाख ९१ हजार प्राप्त हुने अनुमान गरिएको उपाध्यक्ष करुणा गुरुङले जानकारी दिनुभयो।

गण्डकी प्रदेश सरकारमार्फत वित्तीय समानीकरण अनुदान बापत रु एक करोड पाँच लाख ३१ हजार, राजश्व बाँडफाँड बापत रु ८९ लाख ३२ हजार, विशेष अनुदान बापत रु ५० लाख र समपुरक अनुदान बापत रु ५० लाख प्राप्त हुने अनुमान गरिएको छ।

स्तरोन्नति सकेर सेनाले बुझायो करिडोर

रासस
बागलुङ, २६ असार

दश मिटर चौडाइको काम सकेर कालीगण्डकी करिडोर मालढुङ्गा-रिडीखण्ड सडक विभाग कालीगण्डकी करिडोर आयोजनालाई हस्तान्तरण गरिएको छ।

नेपाली सेनाको निर्माण कार्यदलले स्तरोन्नति गरेको मालढुङ्गा-रिडी खण्ड सडक विभाग करिडोर आयोजना पाल्पालाई हस्तान्तरण गरेको हो । यसअघि स्तरोन्नति गरेर हस्तान्तरण गर्न बाँकी रहेको ३४.५ किलोमिटर सडक हस्तान्तरण भएको नेपाली सेनाका प्रमुख इञ्जिनीयर रेश्मीराज भट्टराईले बताउनुभयो। बागलुङको बलेवा विमानस्थलदेखि गुल्मीको हर्मिचौरसम्मकोसडककालीगण्डकी करिडोर आयोजनालाई हस्तान्तरण गरिएको हो । नेपाली सेनाले ट्र्याक खुलाएको सडक १० मिटर चौडा गर्ने जिम्मेवारी पाएको थियो । यो खण्ड हस्तान्तरण भएसँगै सेनाले स्तरोन्नतिको काम सकेको जनाएको छ । यस खण्डको एक समारोहबीच नेपाली सेनाका प्राविधिक सह-सेनानी शालिग्राम नेपालले सडक विभाग, कालीगण्डकीकरिडोरआयोजनाका इञ्जिनीयर नवराज बाँस्तोलालाई हस्तान्तरण गर्नुभयो। रिड्डीमालढुङ्गा ७८ किलोमिटर सडक खण्डको स्तरोन्नतिको काम गरेको सेनाको निर्माण कार्यदलले यसअघि मालढुङ्गा-बलेवा विमानस्थल खण्ड हस्तान्तरण गरिसकेको थियो भने गुल्मी खण्डको २७ किलोमिटर सडकसमेत हस्तान्तरण भैसकेको थियो। एक अर्ब ८६ करोड रुपैयाँ खर्चेर सेनाले करिडोर स्तरोन्नति गरेको हो। बागलुङ-गुल्मी खण्डको २०७० सालमा सेनाले जिम्मेवारी लिएर काम गरेको थियो । आव २०७४/७५ मा ट्र्याक खोल्ने काम सकिएपछि यो आयोजनाले स्तरोन्नतिको लागि २०७५ सालमा जिम्मा लिएको थियो । सरकारले दिएको जिम्मेवारी तोकिएकै समयमा सम्पन्न गरेर हस्तान्तरण गरेको सेनाका प्रमुख इञ्जिनीयर रेश्मीराज भट्टराईले बताउनुभयो।

यस खण्डमा पाँच वटा बेलिब्रिजसहितका संरचना बनेका छन्। सडक विभाग, कालीगण्डकी करिडोर आयोजनाको जिम्मामा आएको सडकलाई तत्काल वातावरणीय परीक्षण गरेर विस्तृत परियोजना प्रस्ताव (डिपीआर) तयार गरिने आयोजना प्रमुख सुवोधकुमार देवकोटाले बताउनुभयो । ‘‘तीन महिनामा डिपीआर हुन्छ, बाँकी तीन महिनामा आइई गरेर सक्छौं’’, देवकोटाले भन्नुभयो, ‘‘कलोपत्रेको लागि योजना माग गरेर फाइल स्वीकृत हुने बेलासम्म सबै काम सकिन्छ।’’ एक करोड रुपैयाँ बजेट आगामी आर्थिक वर्षमा डिपीआर र आइईको लागि विनियोजन भएको देवकोटाले जानकारी दिनुभयो।

प्रमुख देवकोटाले ३० महिनामा यो सडक कालोपत्रे गरेर सकिने दाबी गर्नुभयो। ‘‘काम गर्न क्रियाशीलता, निरन्तरता र सक्रियता चाहिन्छ, त्यो हामीमा छ’’, देवकोटाले भन्नुभयो, ‘‘हामी समयमा काम गर्न निरन्तर लाग्छौं।’’ सडक हस्तान्तरण भएसँगै अब कालोपत्रको काम शुरु हुनेमा स्थानीयवासी आशावादी छन् । स्तरोन्नतिपछि हस्तान्तरण गरेको सेनाको निर्माण कार्यदलले हर्मिचौरमा रहेको क्याम्पले आउँदो असोजसम्म सडकमा हुने क्षतिको मर्मत गर्ने जिम्मेबारी समेत लिएको छ।

विदेश छोडेर गाउँमा बाख्रापालन

पोखरापत्र संवाददाता
म्याग्दी, २६ असार

आफ्नै गाउँठाउँमा उद्यम गरी म्याग्दीका कृष्ण मल्लले मनग्य आम्दानी गर्न सफल हुनुभएको छ।

बेनी नगरपालिका-६ चुत्रेनीका २९ वर्षीय मल्लले पैसा कमाउनकै लागि अष्ट्रेलिया जाने तयारीलाई पन्छाएर गाउँमा नै शुरु गरेको बाख्रापालनबाट अहिले वार्षिक रु १२ लाखसम्म आम्दानी गर्न सफल हुनुभएको छ।

उहाँले करिब ६ वर्ष खाडी मुलुकमा बिताएर तीन वर्ष अघि स्वदेश फर्किनुभयो । शुरुमा अष्ट्रेलिया जाने सोचेपनि त्यसलाई त्यागेर यही बाख्रापालन थाल्नुभयो। बुबाले रहरले पाल्नुभएका स्थानीय जातका बाख्रामा मल्लको ध्यान गयो । अहिले भने बोयर जातका बाख्रापालन गर्नुभएको छ ।‘‘विदेश जाने सोच त्यागेर बाख्रापालन गरेको छु, जेठसम्म रु १२ लाखका बोका बिक्री गरेर त्यसलाई बाख्रापालनमा नै थपेको छु’’, मल्लले भन्नुभयो । करिब रु ११ लाखबाट शुरु भएको व्यवसायमा लगानी ३० लाख पुगेको छ । खोरमा अहिले २८ वटा बोएर छन् । ठूलो क्षेत्रफलमा उन्नतजातको घाँस समेत लगाइएको छ । बाख्रा र बोका बिक्रीबाट वार्षिक रु २० लाखसम्म कमाइ गर्ने लक्ष्य छ। उहाँको फार्ममा तीन लाखसम्म पर्ने बोयर बोका छन् ।‘‘ यहाँको कमाईले म पूर्णरुपमा सन्तुष्ट छु,आम्दानीलाई दोब्बर बनाउने गरी थप खोर विस्तार गर्दैछु’’,नेपाल व्यावसायिक बाख्रापालन महासंघ म्याग्दीका अध्यक्ष समेत रहनुभएका मल्लले भन्नुभयो । अष्ट्रेलियाबाट आयात गरिएको बोयर जातको बोका र एक माउबाट शुरु भएको बाख्रापालन यसै वर्ष ५० पुऱ्याउँने लक्ष्य छ । थप बोयर मगाइएको छ। खोरमा एक वर्षमा दोब्बर हुने गरी माउ राखिएको छ । मल्लले यूवापुस्तालाई बाख्रापालनमा सक्रिय बनाउन आवश्यक प्राविधिक सहयोग समेत गर्ने बताउनुभयो। कृष्ण बहुउद्देश्य कृषि तथा पशुपालन फार्म दर्ता गरेर मासुको प्रयोजनका लागि नभइ शुद्ध बोयर एवम् स्थानीय खरी जातको बाख्रालाई बोयर बोका दिएर नस्ल सुधार गर्दै उन्नतजातका पाठापाठी बिक्री गरी कृषकलाई बाख्रापालन व्यवसायमा प्रेरित गर्ने योजना मल्लको रहेको छ । छिमेकीको बाँझो जमिन भाँडामा लिएर घाँस खेतीसमेत विस्तार गरिएको छ। उता बेनपा ६ का वडा अध्यक्ष कृष्णसिंह बानियाँले वडालाई कृषि र पशुपालनमा पकेट क्षेत्रको रुपमा विकास गर्ने ध्येयले पशुपालक कृषकलाई आवश्यक सहयोग गरेको बताउनुभयो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्मः
वि.स. २०२४/०१/२५ गते

स्वर्गारोहणः
वि.स. २०७८/०३/१७ गते

स्वः चित्र बहादुर बि.क.

हाम्रो यस कमलपोखरी संरक्षण समिति तथा बाँझापाटन कमलपोखरी विश्वकर्मा समाजका अध्यक्ष सामाजिक अभियान्ता, मिलनसार, अत्यन्त सहयोगी भावना भएका मेरा प्यारो भान्जा **चित्र बहादुर बि.क.** को ५४ वर्षको अल्पायु उमेरमा असामयिक स्वर्गारोहण भएकोमा यस संरक्षण समिति तथा बाँझापाटन कमलपोखरी विश्वकर्मा समाज गहिरो दुःख प्रकट गर्दछौं । आज ११ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारणा गर्ने शक्ति मिलोस भनि भगवानसँग प्रार्थना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं।

केश बहादुर बि.क.
(संस्थापक अध्यक्ष)
कमलपोखरी संरक्षण समिति तथा
बाँझपाटन कमलपोखरी विश्वकर्मा समाज
पोखरा-१३

भान्जा चित्रबहादुरको सम्झनामा

केश वहादुर विक

बुढी तिमी कता छौ ? बाहिर केश मामा आउनु भएको छ । भित्र पस्नी भनन् । अव ती बाक्य दिमागमा घुम्नु वाहेक अरु केही छैन ।

आफ्नै मान्छे भएर त होनी स्वरवाटै आफन्त पहिचान गर्ने शक्ति आज सम्झनामा मात्रा रह्यो । घर भित्र एउटा पाइला टेक्न पा छैन मामा बस्नुहोस । के खाने मामा, एक थोप त खाएर जानै पर्छ । अव मलाइ ति बाक्यको स्वागत कस्ले गर्दछ । आफन्त भनेपछि दुवो सरी मौलाएर ढपक्कै ढाक्ने भान्जाको स्वभाव थियो । सकारात्मक सोच र सहयोगी मनले भकारी सरी भरिनु भएको भान्जा सवैको आँखाको नानी जस्तै हुनुहुन्थ्यो ।

तर आज हामी सवैलाई छोडेर जानु भयो । त्यसैले जीवनमा घरबाट निस्कँदा, शुभ कार्य होस, अन्य कुनै पनि कार्यमा व्यस्त भए पनि अथवा अन्य कुनै रोग र बिरामीको कारणले होस् श्वास फेरीरहेको जीवनमा मृत्युले छोप्छ । यी त सवै मृत्युका बहाना मात्र हुन् ।

११ औं दिनको पुण्य तिथिमा

मृत्यु त्यो सत्य जुन अकाट्य र अवस्यम्भावी छ । जन्म पछि आवज सँगै चलायमन हुन थाल्छ दुई हात । एक हातमा पाँच औला । हातको एउटा औलाको अभावमा कति असर पर्छ त्यही आत्मरुपी हातलाइ मात्र थाह हुन्छ । मेरा प्यारा भान्जा चित्रवहादुर विक २०७८ असार १७ गते ५४ वर्षको उमेरमा भएको निधनले मर्माहत वनाएको छ ।

कमलपोखरी संरक्षण समिति तथा बाँझापाटन कमलपोखरी विश्वकर्मा समाजका अध्यक्ष हुनुहुन्थ्यो । विभिन्न संघ संस्थामा सक्रिय भान्जा सामाजिक अभियान्त, मिलनसार साथै अत्यन्त सहयोगी भावना भएका भान्जाको निधनले हाम्रो परिवार मात्र नभै वडा नं १३ देखि राष्ट्रलाइ समेत ठूलो क्षेति पुगेको छ । उहाँको अमूल्य योगदान र मार्गनिर्देशनको स्मृतिसँगै उहाँ हामीमाझ सदैव जीवित रहनु हुनेछ ।

यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजन र आफन्तजनलाई वेदना सहज गरी धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान् गरुन भनी हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

दुरलेकमा पदमार्ग र आश्रयस्थल निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २६ असार

मालिका गाउँपालिका-२ रुमको शीरमा रहेको दुरलेक डाँडा जोड्ने पदमार्ग र आश्रयस्थल निर्माण भएको छ ।

गण्डकी प्रदेश सरकारको रु. ३५ लाख अनुदानमा उपभोक्ता समितिले पदमार्ग र आश्रयस्थल निर्माण गरेका हुन् । पुर्वाधार विकास कार्यक्रमको रु. २५ लाख बजेटबाट पदमार्ग र पर्यटन पुर्वाधार कार्यक्रमको रु. दश लाख बजेटले आश्रयस्थल निर्माण भएको मालिका गाउँपालिका-२ का वडा अध्यक्ष नरबहादुर पुनले जानकारी दिनुभयो । "ओझेलमा परेको दुरलेकको पर्यटन विकासका लागि पुर्वाधार बनाएका हौ," उहाँले भन्नुभयो "पुर्वाधार बनेपछि पर्यटकलाई सुविधा पुग्ने र चहलपहल बढ्ने अपेक्षा गरेका छौ ।" दुरलेकको झण्डी देखि मन्दिरसम्मको दुई किलोमिटर पदमार्ग निर्माण भएको छ । उकालो र भिरालोमा ढुङ्गाको सिँढी चिनेर र बिछ्याएर पदमार्ग बनाएको उपभोक्ता समितिका अध्यक्ष लालु पुनले बताउनुभयो । पदमार्गको चौडाई १.५ मिटर छ । पदमार्ग बनेपछि चिप्लो बाटोमा लडेर दुर्घटना हुने र बाटो बिराउने समस्या हटेको स्थानीय भक्तबहादुर पुनले बताउनुभयो । बस्तीदेखि टाढा रहेको दुरलेकमा पदमार्ग बनाउन रुमका ६५ जना मजदुर करिब ४५ दिन जङ्गलमै बास बसेका थिए । जङ्गलमै अस्थाइ टहरा बनाएर खानेबस्ने ब्यवस्था मिलाएर मजदुरलाई राखिएको थियो । यसैगरी प्रदेश सरकारकै रु. दश लाख सहयोगमा दुरलेक नजिकै पाहुनाहरुको सुविधाका लागि आश्रयस्थल निर्माण भएको छ । दश मिटर लम्बाई र पाँच मिटर चौडाई भएको एक तले आश्रयस्थलको भवन बनाइएको छ । दुरलेक घुम्न जाने पर्यटकलाई रातको समयमा बास बस्न सहज होस भनेर आश्रयस्थल बनाइएको हो ।

बारपाक सुलिकोट गाउँपालिका सर्वोत्कृष्ट

पोखरापत्र संवाददाता
गोरखा, २६ असार

गोरखा जिल्लाका स्थानीय तहहरूमध्ये बारपाक सुलिकोट गाउँपालिका सर्वोत्कृष्ट गाउँपालिका बन्न सफल भएको छ ।

स्थानीय तहको उपलब्धि र कमीकमजोरीको लेखाजोखा गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बनाएको स्थानीय तह स्वामूल्याङकन कार्याविधिको मापदण्डका आधारमा गरिएको संस्थागत क्षमताको स्वमूल्याङकनमा सो गाउँपालिका जिल्लाकै सर्वोत्कृष्ट बन्न सफल भएको हो । कार्यविधिमा समावेश गरिएका १० सूचक र १०० उपसूचकका आधारमा बारपाक सुलिकोट गाउँपालिकाले ६६.७५ प्रतिशत अङ्क प्राप्त गरेको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो । त्यस्तै कार्यविधिको मापदण्डअनुसार संस्थागत क्षमताको स्वमूल्याङकनमा भीमसेन थापा गाउँपालिका सबैभन्दा पछाडि परेको छ । सो गाउँपालिकाले ३३.५ प्रतिशत अङ्क प्राप्त गरेको छ ।

संस्थागत क्षमताको स्वमूल्याङकनको आधारमा जिल्लाको अजिरकोट गाउँपालिका दोस्रो र शहिद लखन गाउँपालिका तेस्रो गाउँपालिका बनेको छ । अजिरकोटले ६५.५ प्रतिशत र शहिद लखनले ६०.२५ अङ्क ल्याएका छन् । कार्यविधिअनुसार गाउँपालिका र नगरपालिकाका सबल र दुर्बल पक्षहरूको पहिचान र समीक्षा गर्ने गरिन्छ । स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी स्वयंले सहभागितामूलक विधिद्वारा आ-आफ्नो स्थानीय तहको कार्यबारे मूल्याङ्कन गर्ने गर्दछन् ।

नगरपालिका र गाउँपालिकाहरूको बीचमा तुलनायोग्य सूचकहरू बनाएर त्यस आधारमा कामको मूल्याङ्कन गर्न कार्यविधिले सघाउने सुलिकोट गाउँपालिका अध्यक्ष भट्टले बताउनुभयो । शासकीय प्रबन्ध, वार्षिक बजेट तथा योजना व्यवस्थापन, सामाजिक समावेशीकरण, वित्तीय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सङ्गठन तथा प्रशासन, सहकार्य र समन्वयको आधारमा स्थानीय तहरूले नम्बर प्राप्त गर्दछन् । जिल्लाका ११ स्थानीय तहमा आरुघाट गाउँपालिकाले भने भर्खरै मात्र संस्थागत क्षमताको स्वमूल्याङकन प्रक्रिया शुरु गरेको जनाएको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्मः
वि.स. २०२४/०१/२५ गते

स्वर्गारोहणः
वि.स. २०७८/०३/१७ गते

स्वः चित्र बहादुर बि.क.

हाम्रो यस कमलपोखरी संरक्षण समिति तथा बाँझापाटन कमलपोखरी विश्वकर्मा समाजका अध्यक्ष मिलनसार, सामाजिक अभियान्ता, अत्यन्त सहयोगी भावना भएका मेरो प्यारो हितैषी सहकर्मी चित्र बहादुर बि.क. को ५४ वर्षको अल्पायु उमेरमा असामयिक स्वर्गारोहण भएकोमा यस संरक्षण समिति तथा बाँझापाटन कमलपोखरी विश्वकर्मा समाज गहिरो दुःख प्रकट गर्दछौं । आज ११ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारणा गर्ने शक्ति मिलोस भनि भगवानसँग प्रार्थना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

गोविन्द वि.क.
(भूतपूर्व सचिव)
कमलपोखरी संरक्षण समिति तथा
बाँझपाटन कमलपोखरी विश्वकर्मा समाज
पोखरा-१३

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

भावपूर्ण श्रद्धाञ्जली

जन्मः
वि. सं. २०९४/०९/१५ गते

स्वर्गारोहणः
वि. सं. २०७८/०३/१५ गते

स्वः चित्र कुमारी गुरुङ

कास्की जिल्ला मादी गाउँपालिका वाड नं.११ बराल डाँडा साविक घर भई हाल पोखरा महानगरपालिका वडा नं. १२ भद्रकाली मार्ग ढिकाले थर निवासी **चित्र कुमारी गुरुङ** को ८४ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समबेदना व्यक्त गर्दछौं ।

जुमप्रसाद गुरुङ
अध्यक्ष तथा
बराल डाँडा तमु समाज सेवा समिति परिवार
शितलादेवी-१२, पोखरा

मञ्जु गुरुङ
अध्यक्ष तथा
सम्पूर्ण बराल डाँडा चेलीबेटी परिवार
पोखरा